# हाम्रो आग्रह

नक्कली भुटानी शरणार्थी प्रकरणको छानवीनमा नेपाल प्रहरीले सुरु गरेको अनुसन्धानले भ्रष्ट जोसुकै भएपनि उम्कन पांउदैन भन्ने आम आशा पलाएको थियो । कुनै किसिमको दवाव वा मोलाहिजामा नपरी यो प्रकरणका सवै दोषीलाई छानवीन र अभियोजनमा ल्याइनेछन् भन्ने आममाग रहेको हो ।

तर, यसको अनुसन्धानको क्रममा मुछिएका संकास्पद केहीलाई अनुसन्धानमै नल्याई विगतका अरु भ्रष्टाचार काण्डमा झैं यसमा पनि दण्डहीनता हावी हुनेगरी मुद्दा दायर हुन लागेको भन्ने कुराले आम नागरिकमा थप आक्रोस बढाएकोछ । यसमा हाम्रो गंभीर आपत्तिछ ।

त्यसैले, प्रमाणबाट देखिएको वा देखिन सक्ने ब्यक्ति जोसुकै किन नहुन, तीनलाई न्यायको कठघरामा उभ्याउन सरकार नचुकोस् भन्ने हाम्रो माग छ।

अन्यथा, आम नागरिकको आक्रोसका कारण आउन सक्ने असहज अबस्था र तेसले ल्याउन सक्ने दुर्घटनाका लागि सरकार स्वयं जिम्मेवार हुनेछ ।

अनुपराज शर्मा

केदारभक्त माथेमा

बलराम केसी

भोजराज पोखरेल

मोहना अन्सारी

त्रिरत्न मानन्धर

२०८० जेठ १० गते ।

कृपया हाम्रो यो आग्रहलाई यहांको मेडियाबाट उच्च प्राथमिकताकासाथ प्रचार प्रसार गरिदिनु हुन हार्दिक अनुरोध छ ।